जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
बर्ष १३ • अंक ५५ • २०८२ पुस २ गते बुधवार • 17 Dec. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




# कृषि मन्त्री नेतृत्वको टोलीद्वारा आयोजनाको अनुगमन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १ पुस

संघीय सरकारले किसानका लागि संचालन गरेको आयोजनाको स्थलगत अनुगमन गरिएको छ। कृषि क्षेत्रको विकास र किसानको जीवनस्तर उकास्न संघीय सरकारले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गत खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना कलष्टर इकाई, धनुषाले जिल्लाको बटेश्वर गाउँपालिकामा कार्यक्रमहरु संचालन गरेको छ।



बटेश्वर-२ सीतापुरका राजदेवी पशुपालन कृषक समूहले गरेको बाख्रा पालनको कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. मदन प्रसाद परियार नेतृत्वको टोलीले अनुगमन गरेका छन् । कलष्टर इकाई धनुषाले बोयर बाख्राको मल्टिलायर हर्ड स्थापना तथा संचालन गरेर समूहमा आवद्ध महिला कृषकहरुलाई बाख्रा पालनमा संलग्न गराएको हो । २०८२ बैशाख २६ गतेदेखि सुरु भएको सो कार्यक्रम संचालनमा इकाईले आठ लाख ९९ हजार र समूह तर्फको लागत एक लाख ८५ हजार रहेको छ । ग्लोबल एग्रिकल्चर फूड सेक्युरिटी प्रोग्राम (जीएएफएसपी) को सहयोगमा ईकाइले धनुषाको बटेश्वर र जनकनन्दनी गाउँपालिका र महोत्तरीको सम्सी र सोनमा गाउँपालिकामा कार्यक्रम संचालन गरिरहेको छ ।

राजदेवी पशुपालन कृषक समूहलाई गत आवमा दुई र चालु आवमा एक गरी तीन थान बोयर बाख्रा उपलब्ध गराएको आयोजना कलष्टर इकाई धनुषाका प्रमुख रबिलाल शर्माले बताए । कृषि अनुदान रकमको प्रभाव र यसको कार्यान्वयनको अवस्था बारे बुझ्न मन्त्री परियार नेतृत्वको टोली मंगलबार बिहानै बटेश्वर-२ सीतापुर पुग्दा राजदेवी पशुपालन कृषक समूहमा आवद्ध महिला कृषकरुले पुष्पमाला लगाएर स्वागत गर्दै समूहको वस्तुस्थितिबारे अवगत गराए । समूहकी अध्यक्ष मनिताकुमारी सिंहले २५ जना आदिवासी जनजाती रहेको समूहमा बचत संकलन गरेर हालसम्म ४२ हजार बढी रकम जम्मा गरेको मन्त्रीज्यूलाई सुनाउँदै आफूहरुले बाख्रा पालनबाट पनि आम्दानी गरिरहेको सुनाइन् ।

सदस्य राजेश्वरी देवी सिंहले बाख्रा पालन गरेर भएको प्रगतिले उत्साहित छिन् भने रोगले बाख्रा मर्ने डरले थोरै चिन्तित पनि छन् । त्यसैले उनी मन्त्रीज्यूसित बाख्राको बीमा र सिचाईको व्यवस्थापन गरिदिनको लागि आग्रह गरिन् । समूहमा आवद्ध महिलाहरुको प्रगति र काम देखेर उत्साहित मन्त्री परियारले पनि बाख्रा बीमा र सिचाईका लागि विज्ञहरुसित छलफल गर्ने प्रतिबद्धता जनाए ।

मन्त्री परियारले सलहेश पोषण पाठशालाको पनि स्थलगत अनुगमन गर्दै लाभग्राहीहरुसित प्रत्यक्ष कुराकानी गरे । बटेश्वर-१ सोनापुरमा संचालनमा रहेको पाठशालामा आवद्ध महिलाहरुले सिकाई उपलब्धी मन्त्री परियारसमक्ष शेयर गरिन् । जानकारी अभावमा पोषण खानेकुरा खान नपाएको सुनाउँदै आफूहरु अव यसमा सचेत भएको अध्यक्ष सविता देवी महतोले बताइन्। जन्मदेखि २ वर्षसम्म र गर्भवति अवस्थामा अपनाउनुपर्ने सतर्कता, पोषण खानेकुरा, हरेक बार, खाना चारबारे जानकारी पाएर आफूहरु सचेत बनेको सविताले मन्त्रीलाई सुनाइन् । मन्त्रीलाई फर्सीको खीरको स्वाद पनि चखायो । समूहमा आवद्ध महिलाहरुको पोषण सम्बन्धी सचेतना मात्रै होइन, व्यक्तित्व विकास पनि भएको पोषण सहजकर्ता डेजी पाण्डेले बताइन्।

अनुगमनको क्रममा बटेश्वर गाउँपालिका अध्यक्ष रामअशिष महतो, प्रमुख प्रशासकीय अधिकृत रेबतिप्रसाद पौडेल लगायत खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना कलष्टर इकाई धनुषाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# मटिहानी नगरपालिकाद्वारा गहुँको बिउ वितरण



नागेन्द्रकुमार कर्ण
महोत्तरी, १ पुस

महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाले नगरपालिकामा रहेका किसानहरुलाई लक्षित गरि अनुदानमा उन्नत जातका गहुँका बिउ तथा हिउँदे घाँस वितरण सुरु गरेको छ। नगरपालिकाले किसानहरुलाई लक्षित गरि सुरुदेखि नै विभिन्न कार्यक्रम गर्दै आएकोमा सो को निरन्तरता स्वरुप उन्नत जातको गहुँको बिउ तथा हिउँदे घाँस वितरण सुरु गरिएको नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिनुभयो।

नगरपालिकाले कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यका साथ नगरपालिकाका किसानहरूलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको गहुँको बिउ वितरण गर्न शुरु गरिएको बताउनुहुँदै नगरप्रमुख मण्डलले यसले उत्पादन र उत्पादकत्व बढ्नेमा विश्वास व्यक्त गर्नुभयो। किसानको आयआर्जन बढाउन तथा आधुनिक कृषि प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न नगरपालिकाले प्राथमिकताका साथ कृषि क्षेत्रलाई सहयोग गर्दै आएको बताउनुहुँदै उहाँले सोही निरन्तरता स्वरुप यो कार्य अगाडि बढाइएको बताउनुभयो।

नगरपालिकाको कृषि शाखाकी प्रमुख सन्ध्या साहका अनुसार पालिका भित्रका करिब ५०० जना गहुँ खेती गर्ने किसानहरूलाई लक्षित गरी ५० प्रतिशत अनुदानमा गहुँको बिउ वितरण गरिएको बताउनुहुँदै बिउ वितरण कार्यले किसानलाई राहत पुग्ने र आगामी सिजनमा गहुँ उत्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा व्यक्त गर्नुभयो। कृषि शाखाका सह-संयोजक टङ्कप्रसाद उपाध्यायले वडाको सिफारिसको आधारमा किसानको नागरिकताको प्रतिलिपि सङ्कलन गरी गहुँको बीउ वितरण भइरहेको बताउनुहुँदै वास्तविक किसानलाई मात्रै अनुदानको सुविधा पुऱ्याउने उद्देश्यले आवश्यक प्रक्रिया अपनाइएको बताउनुभयो। यसले गहुँ गर्ने किसानहरुलाई मात्रै फाइदा पुग्ने भएकोले गहुँको बीउ आवश्यक पर्ने किसानहरुले वडाबाट सिफारिस लिएर आउन आग्रह गर्नुभयो।

यसैबिच, मटिहानी नगरपालिकाले स्थानीय पशुपालक किसानहरूको पशुपालन व्यवसायलाई प्रवर्धन गर्ने उद्देश्यले हिउँदे घाँसको

बांकी पृष्ठ २ मा

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
33 Years of Academic Excellence

## राष्ट्रिय झण्डाको सम्मान गरौं ।

**राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाईदैन:**
- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न ।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न ।
- व्यापरिक प्रयोजनका लागि दुरुपयोग गर्न ।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन ।
- शरीरको छातीभन्दा तलको भागमा लगाईने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख्न ।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं ।

**राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# युवाबीचको चेतना

*कृषि र युवाको मिलन नै नेपालको समृद्धिको सूत्र रहेको छ । कृषि विश्वविद्यालय, अनुसन्धान केन्द्र र टेक्नोलोजी इन्क्युबेटरहरूलाई जोडेर 'कृषि-स्टार्टअप फन्ड' स्थापना गर्ने देखिन्छ । यसले नयाँ पुस्तालाई प्रविधियुक्त र आत्मनिर्भर किसान बनाउने देखिन्छ । अहिले भारत, बंगलादेश, भियतनाम र इन्डोनेसियाले युवा-कृषि कार्यक्रम मार्फत ग्रामीण अर्थतन्त्र पुनर्जीवित रहेको देखिन्छ । नेपालका गाउँहरूमा पनि त्यस्तै कार्यक्रम जरुरी रहेको देखिन्छ । कृषि केवल खेतमा अन्न रोप्ने कुरा होइन, यो उद्योग छ। जसले रोजगार सिर्जना गर्न सक्छ, निर्यात बढाउन सक्छ र विदेशी रोजगारीमा निर्भरता घटाउन सक्ने देखिन्छ ।*

*विश्वभर 'जेन-जेड आन्दोलन'का नामले चिनिने नयाँ पुस्ताको लहरले जीवनशैली, सोच र रोजगारीको परिभाषा नै बदल्दैछन । प्रविधि, नवप्रवर्तन र दिगोपनाको विश्वासमा हुर्किएको यो पुस्ता अब केवल डिजिटल संसारमै सीमित छैन– उनीहरू खेतमा रोबोटिक सिँचाइ गर्छन्, मोबाइलबाट फसल व्यवस्थापन गर्छन् । 'फार्म टु टेबल' अभियान मार्फत स्थानीय उत्पादनलाई विश्व बजारमा पुऱ्याउँछ । यही चेतना अब नेपालका युवाबीच पनि फैलिँदै गएको देखिन्छ ।*

# अवैध लागूऔषध गाँजासहित दुई जना व्यक्ति र एक थान मोटरसाइकल नियन्त्रणमा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १ पुस**



महोत्तरीको गौशाला नगरपालिका-८ स्थित खाल्टे बजार, महादेव मन्दिर नजिकैको गौशाला-खाल्टे बजार भित्री सडकखण्डमा प्रहरीद्वारा चेकजाँचका क्रममा अवैध लागूऔषध गाँजासहित दुई जना व्यक्ति र एक थान मोटरसाइकल नियन्त्रणमा लिइएको छ।

ईलाका प्रहरी कार्यालय, गौशालाबाट प्रहरी निरीक्षक रमेश लामाको कमाण्डमा खटिएको प्रहरी टोलीले सवारी साधन चेकजाँच गर्ने क्रममा ढल्केबरबाट खाल्टे बजारतर्फ आउँदै गरेको द्यच ३० ६ १३०९ नम्बरको १५० सीसी क्षमताको रातो-कालो रंगको पल्सर मोटरसाइकललाई रोकी जाँच गरेको हो। प्रहरीका अनुसार चेकजाँचका क्रममा उक्त मोटरसाइकलमा सेतो प्लाष्टिकको बोरामा बेरिएको ५ किलो २८० ग्राम र ५ किलो ३७० ग्राम गरी दुई पोका, जम्मा १० किलो ६५० ग्राम लागूऔषध गाँजा जस्तो देखिने पदार्थ बरामद गरिएको छ । मोटरसाइकल चालक जिल्ला महोत्तरी, सोनमा गाउँपालिका-३ का स्थायी बासिन्दा रामदेव बैठाका नाती तथा इन्द्रजित बैठाका छोरा अन्दाजी २० वर्षका हरेन्द्र बैठा रहेका छन् । त्यसैगरी मोटरसाइकलमा सवार रामदेव बैठाकै नाती तथा राम छबिलाल बैठाका छोरा अन्दाजी २१ वर्षका अर्जुन बैठा रहेका छन् । प्रहरीका अनुसार एक पोका गाँजा मोटरसाइकलमा राखिएको सेतो प्लाष्टिकको बोराबाट र अर्को पोका अर्जुन बैठाले पछाडि बोकेको कालो झोलाबाट बरामद गरिएको हो ।

बरामद गरिएको लागूऔषध गाँजा जस्तो देखिने पदार्थ, मोटरसाइकल तथा दुवै जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानका लागि ईलाका प्रहरी कार्यालय, गौशालामा ल्याइएको छ। घटनासम्बन्धी थप अनुसन्धान कार्य जारी रहेको प्रहरीले जनाएको छ।

## मटिहानी नगरपालिकाद्वारा..........

बीउ वितरणसमेत सुरु गरेको छ । पशु आहारको अभाव न्यूनीकरण गर्दै दुध, मासु तथा पशुपालनबाट हुने आम्दानी वृद्धि गर्ने लक्ष्यसहित उक्त कार्यक्रम सञ्चालन गरिएको हो । मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले पशुपालन क्षेत्र किसानहरूको जीवनयापनसँग प्रत्यक्ष रूपमा जोडिएकोले नगरपालिकाले कृषि तथा पशुपालन क्षेत्रलाई प्राथमिकतामा राखेर विभिन्न सहयोगमूलक कार्यक्रमहरू अघि बढाइरहेको बताउनुभयो । उहाँले हिउँदे समयमा हरियो घाँसको अभाव हुने भएकाले यस किसिमको बिउ वितरण कार्यक्रमले किसानहरूलाई ठूलो राहत पुग्ने विश्वास व्यक्त गर्नुभयो । पशु सेवा शाखा मटिहानीद्वारा सञ्चालन भइरहेको यस कार्यक्रम अन्तर्गत नगरपालिकाभित्रका करिब ५ सय जना पशुपालक कृषकहरूलाई बर्सिङ (बरसिम) र जौको हिउँदे घाँसको बिउ वितरण गरिने पशु सेवा प्राविधिक दिलीपकुमार यादवले जानकारी दिनुभयो । उहाँका अनुसार यी घाँसहरू पोषणयुक्त, छिटो बढ्ने र पशुका लागि उपयोगी भएकाले पशुपालनको उत्पादकत्व बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ । कार्यक्रममा मटिहानी नगरपालिका वडा नं. ६ का वडाध्यक्ष कलिम अन्सारी, पशु सेवा शाखा प्रमुख दिलीप यादव, स्थानीय जनप्रतिनिधि तथा किसानहरुको उपस्थिति थियो।





अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: पिछडेको साथी मिल्ने
मिथून: अनावश्यक चिन्ता
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: मित्रतामा फाटो आउने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: लामो यात्राको योग छ
धनु: खानपानमा समस्या आउने
मकर: आम्दानी हुने
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव


**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# विश्वकप जिताएका रणतुङ्गालाई भ्रष्टाचार आरोपमा पक्राउ गर्न अनुमति

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ पुस**



श्रीलङ्काको एक अदालतले विश्वकप विजेता क्रिकेट कप्तान तथा पूर्व पेट्रोलियम मन्त्री अर्जुन रणतुङ्गालाई उनी पेट्रोलियम मन्त्री भएको समयमा भएको भ्रष्टाचार आरोपमा पक्राउ गरी अनुसन्धान गर्न अनुमति दिएको छ।

रणतुङ्गा र उनका भाइमाथि लामो समयका लागि तेल खरिदको ठेक्का दिने प्रक्रिया परिवर्तन गरेको र तत्काल कुनै कानुनी प्रक्रिया नपुराइकन उच्च मूल्यमा खरिद गरेको आरोप लगाइएको छ। घूसखोरी वा भ्रष्टाचारको आरोप जाँच आयोगको अनुसन्धान रिपोर्टले रणतुङ्गाको कार्यकालमा भएका कुल २७ खरीदबाट सन् २०१७ मा सम्झौता भएको ५० लाख अमेरिकी डलरभन्दा बढी अर्थात् कुल ८० करोड भारतीय रूपैयाँ घाटा भएको बताएको छ। आयोगले कोलम्बोका मजिस्ट्रेट असाङ्ग बोडारागामालाई उद्धृत गर्दै रणतुङ्गा अहिले विदेशमा रहेको र उहाँलाई स्वदेश आउँदासाथ पक्राउ गर्न पूर्जी जारी गरिएको जनाएको छ। सोही मुद्दामा संलग्न पूर्व मन्त्रीका दाजु तथा सिलोन पेट्रोलियम कर्पोरेशनका तत्कालीन अध्यक्ष धम्मिका रणतुङ्गालाई सोमबार पक्राउ गरी जमानतमा रिहा गरिएको छ।

# अमेरिकी डलर हालसम्मकै उच्च बिन्दुमा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ पुस**




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदर अनुसार अमेरिकी डलरको मूल्य बढेर हालसम्मकै उच्च बिन्दुमा पुगेको छ। आजका लागि निर्धारित विनिमयदर अनुसार अमेरिकी डलर एकको खरिददर १४४ रुपैयाँ ८८ पैसा र बिक्रीदर १४५ रुपैयाँ ४८ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १७० रुपैयाँ २० पैसा र बिक्रीदर १७० रुपैयाँ ९० पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १९३ रुपैयाँ ९५ पैसा र बिक्रीदर १९४ रुपैयाँ ७५ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८२ रुपैयाँ र बिक्रीदर १८२ रुपैयाँ ७५ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९६ रुपैयाँ २९ पैसा र बिक्रीदर ९६ रुपैयाँ ६९ पैसा, क्यानेडियन डलर एकको खरिददर १०५ रुपैयाँ २० पैसा र बिक्रीदर १०५ रुपैयाँ ६४ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११२ रुपैयाँ ३८ पैसा र बिक्रीदर ११२ रुपैयाँ ८५ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ३५ पैसा र बिक्रीदर नौ रुपैयाँ ३९ पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ ५६ पैसा र बिक्रीदर २० रुपैयाँ ६४ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ ६१ पैसा र बिक्रीदर ३८ रुपैयाँ ७७ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ७६ पैसा र बिक्रीदर ३९ रुपैयाँ ९२ पैसा कायम भएको छ । केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६१ पैसा र बिक्रीदर चार रुपैयाँ ६३ पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ४५ पैसा र बिक्रीदर ३९ रुपैयाँ ६१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३५ रुपैयाँ ४० पैसा र बिक्रीदर ३५ रुपैयाँ ५५ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ८९ पैसा र बिक्रीदर नौ रुपैयाँ ९३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ५९ पैसा र बिक्रीदर १५ रुपैयाँ ६६ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ७८ पैसा र बिक्रीदर २२ रुपैयाँ ८८ पैसा तोकिएको छ।

# ‘बोर्डर २’ को टिजर सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ पुस**




सनी देओलको बहुप्रतिक्षित फिल्म बोर्डर २ को टिजर अन्ततः सार्वजनिक भएको छ। निर्माण पक्षले विजय दिवसको अवसर पारेर मंगलबार टिजर रिलिज गरेको हो ।

टिजर सार्वजनिक गर्नुअघि नै मेकर्सले पोस्टर जारी गर्दै यसबारे जानकारी दिएका थिए। सो पोस्टरमा सनी देओल, दिलजीत दोसांझ, वरुण धवन र अहान शेट्टी एकै फ्रेममा देखिएका थिए। टिजर सार्वजनिक भएसँगै दर्शकहरूको उत्साह बढेको छ । सामाजिक सञ्जालमा टिजरका बारेमा प्रतिक्रियाहरू आउन थालेका छन् । बोर्डर २ दर्शकले सन् २०२६ को जनवरी २३ मा सिनेमाघरहरूमा हेर्न पाउनेछन् । यो फिल्म गणतन्त्र दिवसभन्दा ठिक तीन दिनअघि रिलिज हुँदैछ ।

यो फिल्मलाई भूषण कुमार, कृष्ण कुमार, जेपी दत्ता र निधि दत्ताले निर्माण गरेका छन् भने यसको निर्देशन अनुराग सिंहले गरेका छन् । 'बोर्डर २' सन् १९९७ को सुपरहिट फिल्म ‘बोर्डर’ को सिक्वेल हो, जसमा सनी देओल, अक्षय खन्ना, सुनील शेट्टी, राखी, पूजा भट्ट, ज्याकी श्राफ लगायतका कलाकारहरूको अभिनय थियो ।

# न्यु होराइजनलाई अन्तरविद्यालय क्रिकेटको उपाधि

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ पुस**



रूपन्देहीको बुटवलस्थित न्यु होराइजन स्कुलले भैरहवामा सञ्चालन भएको स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिताको उपाधि हात पारेको छ। यहाँस्थित सिद्धार्थ क्रिकेट मैदानमा मंगलबार भएको फाइनलमा होराइजनले रूपन्देही लीलाराम न्यौपाने मावि भैरहवालाई ५ रनले पराजित गर्दै उपाधि जितेको हो ।

टस जितेर ब्याटिङ गरेको न्यु होराइजनले ८ विकेटको क्षतिमा ९९ रन बनाएको थियो। उसका लागि प्रिन्स पालले ३१ र आरुष अधिकारीले १७ रन जोडेका थिए । बलिङमा लीलारामका विक्की मल्लाहले ३, प्रेमसागर यादवले २ तथा कृष्णमोहन कुर्मी र आयन खानले १-१ विकेट लिए । जवाफी ब्याटिङ गरेको लीलाराम १७ ओभर २ बलमा ९४ रन जोड्दा अलआउट भयो। बलिङमा होराइजनका अमृत अर्यालले ४, रिजन बुढाथोकीले ३, श्रीयान्स ज्ञवालीले २ तथा आशराम अलीले १ विकेट हात पारे। लीलारामका आयन खानले ३४, अजय केवटले २१ र सुनिल यादवले १६ रन बनाए पनि जितका लागि पर्याप्त भएन। अमृत अर्याल प्लेयर अफ द फाइनल भई पाँच सय रुपैयाँबाट पुरस्कृत भए। होराइजनले प्रथम पुरस्कारस्वरूप ५० हजार रुपैयाँ हात पारेको छ भने उपविजेता लीलारामले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पारेको छ। प्रतियोगितामा न्यु होराइजनका प्रिन्स पाल म्यान अफ द सिरिज भई १० हजार रुपैयाँ प्राप्त गरे । यस्तै, अमरज्योति स्कुलका सम्राट बराल बेस्ट बलर र लुम्बिनी शिक्षा निकेतनका वासुदेव यादव बेस्ट ब्याटर भए । उनीहरूले जनही ५ हजार रुपैयाँ पुरस्कार पाए ।



अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# तत्काल राष्ट्रिय सभा बैठक अपरिहार्य



-हरेक राजनीतिक संकटमा खोजिने समाधानको बाटोले राजनीतिकर्मीलाई मात्रै होइन, संवैधानिक संस्थाहरूलाई पनि नयाँ भूमिका स्थापित गर्ने मौका दिन्छ । सडकमा अभिव्यक्त युवाको मागसमेत सम्बोधन हुने गरी निकट भविष्यमै गरिने संविधान संशोधनको मार्गचित्र तय गर्न राष्ट्रिय सभाले अहम् भूमिका खेल्न सक्छ । संकटका बेला प्रतिनिधिसभा नभए राष्ट्रिय सभाले अन्तरिम सरकार बनाएर मुलुकलाई निर्वाचनमा लैजाने व्यवस्था संविधान संशोधनमा समेट्न सकिन्छ । नियमित आम निर्वाचनका लागि पनि तटस्थ सरकारको आवश्यकता पर्दा राष्ट्रिय सभा सदस्यको नेतृत्वमा नागरिक समाजका प्रतिनिधि सम्मिलित अन्तरिम सरकार गठनको संवैधानिक बाटो खोल्ने विकल्पमा समेत सार्थक छलफल आवश्यक छ ।

गत भदौ २३ र २४ को उथलपुथलपछि गठित अन्तरिम सरकार, प्रतिनिधिसभा विघटन र २०८२ फागुन २१ का लागि घोषित निर्वाचनविरुद्ध परेका रिटहरूमाथि सर्वोच्च अदालतको संवैधानिक इजलासले 'कारण देखाऊ' आदेश जारी गरेको छ । संविधानसभाले २०७२ असोज ३ गते जारी गरेको संविधान कार्यान्वयनमा आएपछि मात्रै प्रतिनिधिसभा विघटन भएको यो तेस्रो घटना हो । अघिल्लो प्रतिनिधिसभालाई २०७७ पुस ५ र २०७८ जेठ ८ गते विघटन गर्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निर्णयलाई दुवै पटक सर्वोच्च अदालतले असंवैधानिक घोषित गरेको थियो । २०७९ मंसिर ४ गते सम्पन्न दोस्रो प्रतिनिधिसभा निर्वाचनबाट ५ वर्षका लागि चुनिएका सदस्यहरूको नियमित कार्यकाल दुई वर्षभन्दा बढी बाँकी थियो । यो आलेख प्रतिनिधिसभा विघटनको कानुनी पक्षमा नभई तल्लो सदनको रिक्ततामा माथिल्लो सदनले खेल्न सक्ने र खेल्नुपर्ने भूमिकामा केन्द्रित छ ।

**राष्ट्रिय सभा : भ्रम र वास्तविकता** पहिलो पटक संघीय प्रणाली अवलम्बन गर्दै नेपालको संविधानले संघमा दुई सदनात्मक र प्रदेशहरूमा एक सदनात्मक व्यवस्थापिकाको स्थापना गरेको छ । संविधानको धारा ८३ मा प्रतिनिधिसभा र राष्ट्रिय सभालाई संयुक्त रूपमा 'संघीय संसद्' भनिएको छ । संघीय कानुन निर्माणमा यी दुवै सदनको भूमिका अपरिहार्य छ । कुनै एक सदनको उपस्थिति र भूमिकाबिना अर्को सदन एक्लैले कुनै पनि कानुन निर्माण गर्न सक्दैन ।

तसर्थ प्रतिनिधिसभा विघटित भएको अहिलेको अवस्थामा राष्ट्रिय सभाको विधायकी भूमिका स्वाभाविक रूपमै स्थगित हुन्छ । त्यसो भए प्रतिनिधिसभाको अनुपस्थितिमा राष्ट्रिय सभाको कुनै काम छैन त ? अवश्य छ । प्रतिनिधिसभाको अनुपस्थितिमा पनि संविधानको सीमाभित्र क्रियाशील भई राष्ट्रिय सभाले तत्कालको राजनीतिक संकट समाधानमा लोकतन्त्रको पहरेदार र निकट भविष्यमा गर्नुपर्ने संविधान सुधारको मार्गदर्शकको भूमिका स्थापित गर्न सक्छ । यसको थालनी जेन-जी उमेर समूहका युवादेखि देशका विभिन्न वर्ग, क्षेत्र र समुदायलाई आफैंले संवादमा डाकेर संसदीय प्रक्रियाप्रति विश्वास जगाउने काम गर्नु उपयुक्त हुन्छ । निर्वाचनको वातावरण बनाउने सार्थक प्रयास, संविधान सुधारका बहुआयामिक पक्षमाथि वस्तुपरक छलफल, संविधान कार्यान्वयनको सार्थक समीक्षा गर्ने वैधानिक थलोका रूपमा राष्ट्रिय सभा सर्वस्वीकार्य निकाय हुन सक्छ ।

**सदन बस्न सक्छ, तत्कालै बस्नुपर्छ** संविधानको धारा ९३ ले संघीय संसद्को दुवै वा कुनै एक सदनको अधिवेशन बस्न सक्ने र दुई अधिवेशनबीचको फरक ६ महिनाभन्दा बढी नहुने स्पष्ट व्यवस्था गरेको छ । तसर्थ प्रतिनिधिसभा विघटित रहेको अवस्थामा पनि राष्ट्रिय सभाको अधिवेशन बस्न सक्छ । तर, यस्तो अधिवेशन प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट आह्वान हुनपर्ने संवैधानिक प्रावधान छ ।

प्रतिनिधिसभामा जस्तो एक चौथाइ सदस्यले अधिवेशन आह्वानका लागि लिखित अनुरोध गर्न सक्ने सुविधा भने राष्ट्रिय सभाका लागि उपलब्ध छैन । प्रतिनिधिसभा विहीनताको अवस्थामा जनआकांक्षाको अभिव्यक्ति र राजनीतिक संवादको संस्थागत थालनीका लागि सरकारले उपयुक्त समयमै राष्ट्रिय सभाको अधिवेशन आह्वान गर्नुपर्छ । यसका लागि सभाको नेतृत्व, सभामा प्रतिनिधित्व गर्ने दल र यसका सदस्यहरूले सरकारलाई घचघच्याउन सक्छन् । यसअघि पनि प्रतिनिधिसभा विघटनका बेला छोटो समयका लागि राष्ट्रिय सभा अधिवेशन बसेको दृष्टान्त छ । यद्यपि अहिलेको परिस्थिति भने फरक छ । हाम्रो छिमेकी भारतीय लोकतन्त्रले संकटकाल र लोकसभा विघटनका अवस्थामा पनि माथिल्लो सदन राज्यसभा अविच्छिन्न रहने अभ्यास स्थापित गरेको छ ।

सन् १९७७ को संकटकाल, लोकसभा विघटन, तल्लो सदनको नयाँ निर्वाचन (परिणाम घोषणाअघि मात्रै संकटकाल हटाइएको) का समयमा पनि माथिल्लो सदन राज्यसभा आंशिक रूपमा सक्रिय थियो । नियमित विधायनी विषयमा प्रवेश नगरी उसले संकटकालको स्थिति, नागरिक अधिकार, प्रेस स्वतन्त्रता जस्ता महत्त्वपूर्ण विषयमा छलफल गरेको थियो । त्यसको निष्कर्षले भारतीय संविधान सुधारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो । दोस्रो विश्वयुद्धको तबाहीबीच पनि बेलायती संसद् नरोकिएको दृष्टान्तले त संकटका समयमा लोकतान्त्रिक संस्था र जनप्रतिनिधिको महत्त्व दर्शाउँछ ।

साभार : कान्तिपुर ।

# जनकनन्दनी र कमलालाई खोज तथा उद्धार सामग्री



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ पुस**

धनुषाको जनकनन्दनी गाउँपालिकामा मंगलबार खोज तथा उद्धार सामग्री हस्तान्तरण गरिएको छ।

प्लान इन्टरनेशनल नेपालको सहयोगमा आसमान नेपालद्वारा संचालित प्रयास परियोजना अन्तर्गत खोज तथा उद्धार सामग्री गाउँपालिका अध्यक्ष दिपिनदेव यादवलाई हस्तान्तरण गरिएको हो । गाउँपालिकामा आयोजित एक कार्यक्रमका बीच आसमान नेपालका कार्यक्रम निर्देशक दिनेश्वर साह, कार्यक्रम व्यवस्थापक दिलिप कुमार यादवले सो सामग्री हस्तान्तरण गरेका हुन् । स्थानीय स्तरको विपद् पुर्वतयारी थप सुदृढ पार्ने अपेक्षासहित खोज तथा उद्धार सामग्री हस्तान्तरण गरिएको प्रयास परियोजनाका परि योजना अधिकृत प्रकाश शर्माले जानकारी दिए । सो अवसरमा गाउँपालिकाका उपाध्यक्ष कमला सहगल, विपद सम्पर्क व्यक्ति र बिभुषण मण्डल, जिन्सी शाखा प्रमुख लगायतको उपस्थिति रहेको थियो । लाइफ ज्याकेट, सुरक्षा हेल्मेट, Fire Extinguisher, फायर पम्प तथा अन्य आवश्यक उपकरणहरू हस्तान्तरण गरिएको छ। हस्तान्तरण गरिएको सामग्रीले आपतकालीन अवस्थाहरूमा छिटो र प्रभावकारी रूपमा प्रतिकार्य गर्न सहयोग गर्नेछ । कार्यक्रममा सामग्रीहरूलाई उद्धार कार्य तथा समुदायस्तरका पुर्वतयारी गतिविधिहरूमा प्रभावकारी रूपमा प्रयोग गर्ने गाउँपालिका अध्यक्ष यादवले प्रतिबद्धता जनाए । प्रयास परियोजनाले समुदाय र स्थानीय सर कारसँग सहकार्य गर्दै विपद् जोखिम न्यूनीकरण तथा प्रतिक्रिया प्रणालीलाई मजबुत बनाउने कार्य निरन्तर रूपमा गर्दै आएको छ ।यसअघि कमला नगर पालिकामा पनि खोज तथा उद्धार सामग्री हस्तान्तरण गरिएको थियो । कमला नगरपालिकाका नगर प्रमुख विशेश्वर यादवलाई आसमान नेपालले सो सामग्री हस्तान्तरण गरेको थियो।

# मधेश प्रदेशमा पहिलो पटक विद्यालयमा शैक्षिक हाट बजार



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ पुस**

धनुषाको बटेश्वरस्थित श्री राष्ट्रिय आधारभूत विद्यालय खोरिया सीतापुर मा मंगलवार शैक्षिक हाटबजारको आयोजना गरिएको छ। सामाजिक संस्था सोसल ल्यावको आयोजना र एभरेष्ट बैंकको आर्थिक सहयोगमा बालबालिकाका लागि वित्तीय प्रोत्साहन मोडलको रुपमा विद्यालयमा शैक्षिक हाटबजारको आयोजना गरिएको हो। विद्यालयमा विद्यार्थीहरुको नियमित उपस्थिती, सरसफाई, गृहकार्यलगायत अनुशासनमा बसेको आधारमा कक्षा शिक्षकले दैनिक अधिकतम ३ प्वाइट दिने गरेको छ। एक प्वाइन्ट बराबर ५ रुपैयाको टोकन मनि सोसल ल्याबले विद्यार्थीलाई उपलब्ध गराएको छ। महिनाको अन्तिममा विद्यालयमा शैक्षिक हाट बजार लागेको दिन विद्यार्थीहरुले महिनाभरिमा पाएको सम्पूर्ण प्वाइन्ट बरावरको पाउने र कमको टोकन मनिले विद्यार्थीले आफनो इच्छा अनुसारको शैक्षिक सामाग्री, खेलकुद सामाग्री खरिद गर ेको विद्यालयका शिक्षक दिपेन्द्र सिंहले बताए ।

विद्यालयमा अध्ययनरत कक्षा ३ देखि कक्षा ८ सम्मका करिव २ सय ३० विद्यार्थीले शैक्षिक हाटबजारबाट प्रत्यक्ष लाभ लिएका छन्। विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा बाल्यकालदेखि नै वित्तिय सचेतना अभिवृद्धि गर्न तथा स्वस्थ्य आर्थिक बानीहरुको विकास गर्न हामीले बालबालिकाका लागि वित्तिय प्रोत्साहन मोडल कार्यक्रमको आयोजना गरेको सोसल ल्याबका कार्यकारी निर्देशक अजित भटटले बताए ।

GYAN GANGA
INTERNATIONAL PUBLIC SCHOOL
Janakpurdham-12,Dhanusha
(Block- A)







अनुरोधकर्ता
लक्ष्मीनियां गाउंपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday